The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# देउखुरी क्षेत्रका विद्यालयहरूमा कक्षा शिक्षण सुधारमा शिक्षण अभ्यासको भूमिका

शिव ओली (उप–प्राध्यापक)
देउखुरी बहुमुखी क्याम्पस, लमही दाङ
https://orchid.org/0009-0003-2324-9407
डा. हर्कबहादुर शाही (सह–प्राध्यापक)
त्रिभुवन विश्वविद्यालय
https://orcid.org/0009-0007-4068-3175

**सार**

*यो अनुसन्धान लेखले देउखुरी क्षेत्रका विद्यालयहरूमा कक्षा शिक्षण सुधारमा शिक्षण अभ्यासले खेलेको भूमिकाको अध्ययन गर्दछ । शिक्षण अभ्यास शिक्षक शिक्षार्थीहरूको शैक्षिक सीप अभिवृद्धि गर्ने एउटा व्यवहारिक प्रक्रिया हो, जसको उद्देश्य कक्षा शिक्षण प्रणालीलाई प्रभावकारी बनाउनु हो । शिक्षार्थीहरूले कक्षा सञ्चालन, पाठ योजना निर्माण, प्रस्तुति, संवादकला र मूल्याङ्कनजस्ता शैक्षिक पक्षमा सुधार गर्न सकुन् भन्ने लक्ष्यसहित शिक्षण अभ्यास लागू गरिएको पाइन्छ । यस लेखमा विविध सैद्धान्तिक आधार, पूर्व अध्ययनको समीक्षाका साथै देउखुरीका विद्यालयहरूमा गरिएको प्रत्यक्ष अनुभव र अवलोकनका आधारमा शिक्षण अभ्यासको प्रभावको विश्लेषण गरिएको छ । अध्ययनबाट थाहा हुन्छ कि शिक्षण अभ्यासले शिक्षक शिक्षार्थीहरूमा आत्मविश्वास अभिवृद्धि, शिक्षण सामग्रीको उपयोग, कक्षाको वातावरण अनुकूल बनाउन सक्ने क्षमता विकास, तथा विद्यार्थी अभिमुखी शिक्षणमा अभ्यस्त गराउने कार्यमा उल्लेखनीय भूमिका खेलेको छ,तर अध्ययनले केही चुनौतीहरू पनि औंल्याएको छ, जस्तै पर्यवेक्षकको असमयिक तथा सतही अवलोकन, विद्यालय प्रशासनको पूर्ण सहयोग नहुनु, सीमित स्रोतसाधन र शिक्षार्थीहरूको अपर्याप्त पूर्वतयारी भएको पाइयो । शिक्षण अभ्यास कक्षा शिक्षण सुधारको एक महत्त्वपूर्ण साधन हो, जसको प्रभावकारिता अझ बढाउन शिक्षक, विद्यालय र क्याम्पस बीच सहकार्य र समन्वय आवश्यक छ ।*

***मुख्य शब्दहरू :*** शिक्षण अभ्यास, कक्षा शिक्षण सुधार, पाठ योजना, देउखुरी, स्नातक तह

## परिचय

नेपालको वर्तमान शैक्षिक परिप्रेक्ष्यमा गुणस्तरीय कक्षा शिक्षणको आवश्यकता झनै बढ्दो छ । शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकको व्यवहारिक सीप र वास्तविक कक्षा परिस्थितिसँगको अनुभव अत्यावश्यक मानिन्छ । यस सन्दर्भमा शिक्षण अभ्यास (Teaching Practice) लाई शिक्षक निर्माण प्रक्रियाको एक अनिवार्य अङ्गका रूपमा लिइन्छ । शिक्षण अभ्यास भन्नाले शिक्षक तालिममा संलग्न विद्यार्थीहरूले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालन गर्दै प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारमा रूपान्तरण गर्ने क्रियाकलापलाई जनाइन्छ (शर्मा, २०७०) । यस अभ्यासले शिक्षार्थीहरूलाई पाठ योजनाको निर्माण, कक्षाको सञ्चालन, विद्यार्थी मूल्याङ्कन, तथा कक्षा अनुशासन व्यवस्थापनका पक्षहरूमा दक्षता प्राप्त गराउने अवसर प्रदान गर्दछ । शिक्षण अभ्यास शिक्षकलाई केवल पुस्तक–आधारित ज्ञानमा सीमित नराखी विद्यालयको विविध वातावरण, विद्यार्थीको सामाजिक–

सांस्कृतिक पृष्ठभूमि र शैक्षिक समस्याहरूको सामना गर्ने सशक्त आधार प्रदान गर्ने चरण हो (भट्टराई, २०७५)। यो अभ्यासले भावी शिक्षकमा आत्मविश्वास विकास गर्ने, शिक्षण रणनीतिमा सुधार ल्याउने र शिक्षण नवप्रवर्तनको अभ्यास गर्ने क्षमता अभिवृद्धि गर्ने कार्य गर्दछ। विशेषतः कक्षा शिक्षण सुधारको सन्दर्भमा, शिक्षण अभ्यासले शिक्षार्थीलाई सक्रिय, सहभागितामूलक र बालमैत्री शिक्षण शैलीहरू प्रयोग गर्न उत्प्रेरित गर्छ (उपाध्याय, २०७८) । गुणस्तरीय शिक्षण अभ्यासले पाठ योजनाको प्रभावकारी कार्यान्वयन, विद्यार्थीको रुचि र आवश्यकता अनुसार शिक्षण शैलीको चयन र शिक्षण प्रक्रियामा आत्ममूल्याङ्कन तथा सहकर्मीबाट प्राप्त सुझावका आधारमा तत्काल सुधार गर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्छ (गिरी, २०७१; बास्तोला, २०७४)। यसरी, शिक्षण अभ्यासले सैद्धान्तिक अध्ययन र व्यवहारिक शिक्षणबीचको अन्तराललाई सन्तुलनमा ल्याउने कार्य गर्दछ। यो अध्ययन त्रिभुवन विश्वविद्यालय, देउखुरी बहुमुखी क्याम्पस, लमही, दाङ अन्तर्गत नेपाली शिक्षाशास्त्र समुहका बी.एड. चौथो वर्षका विद्यार्थीहरूको शिक्षण अभ्यासमा आधारित छ। शिक्षण अभ्यासको क्रममा उनीहरूले आदर्श मावि देउपुर, बाल जनता मावि बनगाउँ, माध्यमिक विद्यालय फल्कापुर र खीमबहादुर शाह मावि कोलही जस्ता विद्यालयहरूमा प्रत्यक्ष कक्षा सञ्चालन गरेका थिए। यी विद्यालयहरू ग्रामीण तथा अर्ध–शहरी परिवेशमा अवस्थित छन्, जहाँ स्रोत-साधनको अभावका बाबजुद पनि शिक्षण अभ्यासले उल्लेखनीय प्रभाव पार्न सक्ने सम्भावना छ (पोखरेल, २०७६)। शिक्षण अभ्यासको प्रभावकारितामा विद्यार्थीहरूको शैक्षिक अवस्था, विद्यालयको भौतिक संरचना, शिक्षकहरूको सहकार्य, विद्यालय प्रशासनको सक्रियता र सामुदायिक सहभागिता जस्ता पक्षहरूले समेत सकारात्मक भूमिका खेलेका छन् (पनेरु, २०७७)। यस्ता विद्यालयहरूमा गरिने शिक्षण अभ्यासले भावी शिक्षकहरूलाई व्यवहारिक ज्ञान दिनुको साथै ग्रामीण शैक्षिक यथार्थबोध गराउने अवसर पनि प्रदान गर्छ।

नेपालको शैक्षिक प्रणालीमा गुणस्तरीय कक्षा शिक्षणको आवश्यकता दिन प्रतिदिन बढ्दो छ, जसको समाधान दक्ष, व्यवहारिक र नवप्रवर्तनशील शिक्षक उत्पादनमार्फत मात्र सम्भव छ (देवकोटा, २०७२)। यस्ता शिक्षक उत्पादन गर्न शिक्षण अभ्यास एउटा मुख्य आधार हो। शिक्षण अभ्यासका क्रममा तयार गरिएका पाठ योजनाहरू, प्रयोग गरिएका शिक्षण विधिहरू र कक्षाको वातावरणमा ल्याइएका परिवर्तनहरूको मूल्याङ्कन गर्नुले शिक्षण अभ्यासको प्रभावकारिताबारे वैज्ञानिक दृष्टिकोण प्रदान गर्न सक्दछ (बन्धु, २०७८)। ग्रामीण क्षेत्रका विद्यालयहरूमा शिक्षण अभ्यासले कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा अझै पर्याप्त अनुसन्धान नहुनु यस विषयमा अध्ययन गर्नुपर्ने प्रमुख कारण हो (खनाल, २०७०)। विशेषतः देउखुरी क्षेत्रका विद्यालयहरूमा सञ्चालित शिक्षण अभ्यासले कक्षा शिक्षणमा कस्तो सुधार ल्यायो भन्ने पक्षमा गहिरो विश्लेषण गर्नु अत्यन्त सान्दर्भिक मानिन्छ। यस अध्ययनबाट प्राप्त निष्कर्षहरूले भावी शिक्षक, शिक्षक तालिम केन्द्रहरू र नीति निर्माणकर्ता निकायहरूका लागि मार्गदर्शक भुमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## साहित्य समीक्षा

यसले देउखुरी क्षेत्रका विद्यालयहरूमा शिक्षण अभ्यासमार्फत तयार पारिएका पाठ योजनाहरूको प्रभावकारितामाथि विशेष अध्ययन आवश्यक रहेको देखाउँछ। यसले वर्तमान अनुसन्धानलाई एक विशेष सन्दर्भमा केन्द्रित गर्दै नयाँ ज्ञानको सृजना गर्ने अवसर प्रदान गर्दछ। शिक्षण अभ्यास शिक्षक शिक्षार्थीको व्यावसायिक विकासका लागि अत्यावश्यक प्रक्रिया हो। शिक्षण अभ्यासले शिक्षार्थीलाई विद्यालय वातावरणमा प्रत्यक्ष कक्षा सञ्चालनको अनुभव गराउँदै व्यवहारिक क्षमता अभिवृद्धि गर्छ (शर्मा, २०७०)। भट्टराई (२०७५) ले आफ्नो अध्ययनमा शिक्षण अभ्यासको प्रभावकारिताबारे चर्चा गर्दै विद्यार्थीले कक्षा व्यवस्थापन, मूल्याङ्कन, पाठ प्रस्तुति र सामूहिक सहभागितामा सुधार ल्याएको उल्लेख गरेका छन्।

पोखरेल (२०७६) को अनुसन्धान अनुसार शिक्षण अभ्यास कार्यक्रम विद्यालय, क्याम्पस र विद्यार्थीबीचको सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण माध्यम भएको पाइन्छ। विद्यालयका स्थायी शिक्षक तथा प्रधानाध्यापकहरू समेत अभ्यास शिक्षकबाट कक्षाको वातावरणमा सकारात्मक परिवर्तन देखिएको टिप्पणी गर्दछन् (पनेरु, २०७७)। पाठ योजना शिक्षण प्रक्रियाको आधारभूत संरचना हो, जसले शिक्षणलाई सुनियोजित, उद्देश्यकेन्द्रित र प्रभावकारी बनाउँछ। उपाध्याय (२०७८) ले पाठ योजनाको पूर्वतयारीले कक्षा शिक्षणमा स्पष्टता र व्यवस्थापन ल्याउने निष्कर्ष निकालेका छन्। गिरी (२०७१) ले उल्लेख गरेअनुसार, तयार पारिएको पाठ योजना प्रयोग गर्दा शिक्षार्थीहरू स्पष्ट उद्देश्यका साथ कक्षामा प्रवेश गर्ने भएकाले पाठको प्रभावकारिता बढ्ने

देखिन्छ । देवकोटा (२०७२) का अनुसार, योजनाबद्ध शिक्षणले पाठको गहिरो प्रस्तुति, समय व्यवस्थापन र मूल्याङ्कनलाई सहज बनाउँछ । बन्धु (२०७८) ले पनि शिक्षण अभ्यासका क्रममा बनाइएका पाठ योजनाहरूले कक्षामा सक्रिय सहभागिता, विद्यार्थी केन्द्रित शिक्षण र शिक्षण विधिको विविध प्रयोगमा सघाउ पुऱ्याएको निष्कर्ष दिएका छन् ।

नेपालको शैक्षिक प्रणालीमा शिक्षण सुधारका विविध उपायहरूको प्रयोग भइरहेको छ । खनाल (२०७०) ले गरेका अनुसन्धान अनुसार, विद्यार्थी सहभागितामूलक, प्रविधिमैत्री र समस्या समाधानमुखी शिक्षण रणनीतिले कक्षा शिक्षणमा नवप्रवर्तन ल्याएको छ । बास्तोला (२०७४) ले कक्षा शिक्षणमा सक्रिय शिक्षण विधि, सहभागी शैक्षिक वातावरण र विद्यार्थीको रुचिअनुसार विधि परिवर्तनले शिक्षण सुधारमा सघाउने निष्कर्ष निकालेका छन् । शर्मा (२०७३) ले अनुसन्धानमार्फत जनाएका छन् कि शिक्षण अभ्यासका क्रममा विद्यार्थीहरूका लागि प्रयोग भएका विविध नवीन गतिविधिहरूले उनीहरूको समझदारी र प्रेरणामा उल्लेखनीय वृद्धि गराएको छ ।

समीक्षित अध्ययनहरूबाट  के स्पष्ट हुन्छ भने शिक्षण अभ्यास, पाठ योजना र नवप्रवर्तनात्मक शिक्षण विधिहरूले कक्षा शिक्षण सुधारमा सकारात्मक भूमिका खेलिरहेका छन् । यद्यपि अधिकांश अध्ययनहरू शहरी विद्यालयहरू वा ठूलो नमुनामा केन्द्रित छन्, ग्रामीण तथा अर्ध-शहरी विद्यालयमा शिक्षण अभ्यासको प्रभावबारे विश्लेषण कम पाइन्छ (गिरी, २०७१; पोखरेल, २०७६) । यसले देउखुरी क्षेत्रका विद्यालयहरूमा शिक्षण अभ्यासमार्फत तयार पारिएका पाठ योजनाहरूको प्रभावकारितामाथि विशेष अध्ययन आवश्यक रहेको देखाउँछ । यसले वर्तमान अनुसन्धानलाई एक विशेष सन्दर्भमा केन्द्रित गर्दै नयाँ ज्ञानको सृजना गर्ने अवसर प्रदान गर्दछ ।

## उद्देश्य

शिक्षण अभ्यास केवल शैक्षिक पाठ्यक्रमको अनिवार्य अङ्ग मात्र नभई कक्षा शिक्षण सुधारको एक प्रभावकारी माध्यम हो (भट्टराई, २०७५) । यस अनुसन्धानको मूल उद्देश्य देउखुरी क्षेत्रका विभिन्न विद्यालयहरूमा बी.एड. नेपाली शिक्षा समूहका विद्यार्थीहरूले तयार पारेका पाठ योजनाहरूको प्रयोगबाट कक्षा शिक्षणमा आएको परिवर्तनको विश्लेषण गर्नु हो । यस उद्देश्यलाई विस्तृत रूपमा सम्बोधन गर्न, पहिलोतर्फ शिक्षण अभ्यासपछि कक्षाको माहोल, विद्यार्थी संलग्नता, शैक्षिक उपलब्धि र शिक्षण शैलीमा आएका परिवर्तनको विश्लेषण गरिन्छ (पोखरेल, २०७६) । दोस्रोतर्फ शिक्षार्थीहरूले निर्माण गरेका पाठ योजनाहरूको व्यवहारिक प्रयोगपछि विद्यार्थीको सिकाइमा पर्न गएको प्रभावको परीक्षण गरिन्छ (देवकोटा, २०७२) । तेस्रोतर्फ कक्षा शिक्षणमा सहभागी शिक्षक तथा विद्यार्थीहरूको प्रतिक्रिया संकलन गरी शिक्षण अभ्यासको प्रभावको प्रत्यक्ष मूल्याङ्कन गरिन्छ (पनेरु, २०७७) । अन्त्यमा, प्राप्त तथ्यांकको आधारमा कक्षा शिक्षणमा सुधार ल्याउन सकिने व्यवहारिक र सन्दर्भ-विशेष उपायहरूको पहिचान गरिन्छ, जसले शिक्षण सुधारलाई दीगो आधार प्रदान गर्न सक्छ (बास्तोला, २०७४) । यसरी, अध्ययनका सबै उद्देश्यहरूले शिक्षण अभ्यासको समग्र प्रभाव मूल्याङ्कन गर्दै भावी सुधारका सम्भावनाहरू स्पष्ट पार्ने लक्ष्य लिएका छन् ।

## अनुसन्धान विधि

यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ, जसले सहभागीहरूको अनुभव, धारणा र व्यवहारिक अभ्यासमा निहित गहिरा अर्थहरूलाई बुझ्न सहयोग पुऱ्याउँछ (शर्मा, २०७४) । शिक्षण अभ्यासका क्रममा तयार गरिएका पाठ योजनाहरूको प्रभावकारिता र सम्बन्धित प्रतिक्रियाहरूको विश्लेषणका लागि गुणात्मक विधि उपयुक्त ठहरिएको हो । नमुना छनोटका क्रममा देउखुरी क्षेत्रका चार विद्यालयहरू आदर्श मा.वि. देउपुर, बाल जनता मा.वि. बनगाउँ, माध्यमिक विद्यालय फल्कापुर र खीमबहादुर शाह मा.वि. कोलहीबाट २०८२ सालको जेठ महिनामा प्रत्यक्ष शिक्षण अभ्यासमा सहभागी भएका बी.एड. नेपाली शिक्षा समूहका विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरिएको छ । तथ्यांक सङ्कलनका लागि अवलोकन, अर्ध-संरचित साक्षात्कार र पाठ योजनाको दस्तावेज विश्लेषण विधि प्रयोग गरिएको छ । शिक्षण अभ्यास अवधिमा कक्षा सञ्चालनको सूक्ष्म अवलोकन गरिनुका साथै सहभागी शिक्षक र विद्यार्थीहरूसँग साक्षात्कार गरी उनीहरूको अनुभव र धारणा संकलन गरिएको हो । साथै, शिक्षार्थीहरूले निर्माण गरेका पाठ योजनाहरूको संरचना, उद्देश्य र कार्यान्वयन पक्षको विश्लेषण गरिएको छ । सङ्कलित तथ्यांकहरूलाई वर्णनात्मक विश्लेषण विधिबाट विश्लेषण गरी

सहभागीहरूको विचार र प्रतिक्रियालाई कोडीकरण गरी विषयगत श्रेणीहरूमा वर्गीकरण गरिएको छ (सुनुवार, २०७६), जसबाट अनुसन्धानका निष्कर्षहरू प्राप्त गरिएको हो ।

**नतिजा र छलफल**

यस लेखको नतिजा र छलफलमा पाठ योजना प्रयोग गरेपछि देखिएको शिक्षण सुधार, *विद्यार्थीहरूको संलग्नता, रुचि र प्रतिक्रिया,* शिक्षकहरूको धारणा र विद्यालयको शैक्षिक वातावरण, विशिष्ट पाठ योजनाहरू र तिनको प्रयोगको विवरण र पाठयोजनाको प्रयोगमा विद्यार्थीको संलग्नता र शिक्षकको सन्तुष्टिमा आधारित भई छलफल गरिएको छ ।

**पाठ योजना प्रयोग गरेपछि देखिएको शिक्षण सुधार**

शिक्षण अभ्यासको क्रममा तयार पारिएका पाठ योजनाहरूले देउखुरी क्षेत्रका विद्यालयहरूमा कक्षा शिक्षणमा उल्लेखनीय गुणात्मक सुधार ल्याएको पाइन्छ । अनुसन्धानमा संलग्न अवलोकन, साक्षात्कार तथा पाठ योजना विश्लेषणका आधारमा थाहा हुन्छ कि जब शिक्षकहरू पूर्वतयारीसहित पाठ सञ्चालनमा संलग्न हुन्छन्, शिक्षण प्रक्रिया संरचित, लक्ष्यमुखी र प्रभावकारी बन्ने गर्दछ । पाठ योजनाले कक्षा सञ्चालनमा आवश्यक रूपरेखा प्रदान गर्ने भएकाले शिक्षणमा समय व्यवस्थापन, अनुशासन र विषयवस्तु सम्प्रेषणमा स्पष्टता देखा परेको छ ।

सिंह (२०७८) का अनुसार योजना आधारित शिक्षणले शिक्षकलाई पाठको उद्देश्यमा केन्द्रित रहन मात्र नभई विद्यार्थीका लागि आशयसंगत र सन्दर्भयुक्त शिक्षण वातावरण सिर्जना गर्न मद्दत गर्छ । साथै, पाठ योजना तयार गर्दा शिक्षकले विद्यार्थीहरूको सामाजिक, भाषिक तथा बौद्धिक पृष्ठभूमि, सिकाइ आवश्यकताहरू तथा विषयवस्तुको स्तरलाई ध्यानमा राखी योजना बनाउँदा शिक्षणमा आत्मीयता, स्पष्टता र पहुँच सहज हुने देखिन्छ ।विशेषतः बालकक्षा र आधारभूत तहका कक्षाहरूमा पाठ योजना प्रयोग गर्दा विद्यार्थीहरूको ध्यान केन्द्रित गराउन, जिज्ञासा उत्पन्न गर्न तथा उनीहरूको क्रियाशील सहभागिता बढाउन पाठ योजना निकै प्रभावकारी देखिएको छ । पाठ योजनामा विविध सिकाइ गतिविधि, शिक्षण सामग्री र मूल्याङ्कन विधिको समावेशले कक्षा शिक्षणलाई बढी विद्यार्थीमैत्री र समावेशी बनाउन सहयोग पुर्याएको पाइन्छ, यसैले पाठ योजना शिक्षण सुधारको महत्वपूर्ण आधार हो, जसले शिक्षण प्रक्रियामा संरचनागत स्पष्टता, उद्देश्यमा केन्द्रिकरण  र सिकाइको प्रभावकारिता अभिवृद्धि गर्छ ।

**विद्यार्थीहरूको संलग्नता, रुचि र प्रतिक्रिया**

पाठ योजनाको प्रयोगपछि विद्यार्थीहरूको कक्षा गतिविधिमा सहभागिता, रुचि र प्रतिक्रियामा सकारात्मक रूपले उल्लेखनीय परिवर्तन देखिएको छ । अनुसन्धानका क्रममा अवलोकन, अन्तर्वार्ता तथा फीडब्याकका आधारमा पाइन्छ कि योजना आधारित शिक्षण पद्धतिले विद्यार्थीहरूलाई अधिक सक्रिय र संलग्न बनाएको छ । विशेषतः संवादमूलक, कार्यमा आधारित  र सहभागी शैलीको शिक्षण विधि प्रयोग गर्दा उनीहरूले आफ्नो भूमिका स्पष्ट रूपमा अनुभूति गर्ने, जिम्मेवारी लिन सक्ने र समूहमा सहकार्य गर्न सक्ने क्षमता विकास गरेका छन्।उदाहरणका रूपमा, बाल जनता मा.वि. बनगाउँमा शिक्षण अभ्यास अन्तर्गत 'क्रियापद' सम्बन्धी पाठ पढाउँदा विद्यार्थीहरूलाई समूहमा विभाजन गरी संवादात्मक र व्यावहारिक अभ्यास गराइएको थियो । सो अभ्यासले विद्यार्थीहरूमा व्याकरणीय संरचनाको प्रयोगात्मक ज्ञानको विकास गराएको पाइयो । उनीहरूले पाठमा सहभागी भएर, संवाद र अभ्यासमार्फत आफूलाई व्याख्यात्मक ढंगले प्रस्तुत गर्न थाले ।

पाठ योजना आधारित शिक्षणले कक्षाको वातावरणलाई सहज, सहभागितामूलक र आत्मीय बनाएको छ । विद्यार्थीहरूमा खुला अभिव्यक्ति, जिज्ञासा  र प्रतिक्रियाको प्रवाह बढेको छ । उनीहरूले प्रश्न गर्न, विचार राख्न, नयाँ दृष्टिकोण प्रस्तुत गर्न र शिक्षकसँग अन्तर्क्रिया गर्न सहज महसुस गरेका छन् । यस्तो प्रवृत्तिले विद्यार्थीहरूमा सिकाइप्रतिको आत्मविश्वास, अन्वेषणशीलता र आलोचनात्मक सोचको विकास गर्न मद्दत पुर्याएको देखिन्छ । यसबाट बुझिन्छ कि पाठ योजनाको प्रभावले केवल कक्षा व्यवस्थापन सुधार नगरी विद्यार्थीहरूको समग्र सिकाइ प्रक्रियामा गुणात्मक रूपान्तरण ल्याएको छ ।

**शिक्षकहरूको धारणा र विद्यालयको शैक्षिक वातावरण**

शिक्षकहरूको साक्षात्कारबाट प्राप्त विवरणहरूले पाठ योजना शिक्षण प्रक्रियाको एक प्रभावकारी मार्गदर्शक उपकरणको रूपमा प्रयोग भइरहेको छ । अधिकांश शिक्षकहरूले स्वीकार गरेका छन् कि पाठ योजना प्रयोगले शिक्षणमा निरन्तरता ल्याएको,

विषयवस्तुको प्रवाह स्पष्ट बनाएको र समय व्यवस्थापनमा सुधार आएको छ। उनीहरूका अनुसार, "पाठ योजना नहुँदा हामी हतार-हतारमा कक्षा लिने गर्दथ्यौँ, तर अहिले सोचेर, विश्लेषण गरेर पढाउने बानी बसाल्यौँ," जसले शिक्षकको आत्मविश्वास र प्रस्तुति क्षमतामा सकारात्मक परिवर्तन ल्याएको छ।विद्यालयको समग्र शैक्षिक वातावरणमा पनि यथेष्ट सुधार आएको पाइन्छ। पाठ योजना प्रयोगपछि सहयोगात्मक सिकाइ संस्कृतिको विकास भएको छ, जहाँ शिक्षकबीच सामग्री आदानप्रदान, समुहगत तयारी र अनुभव बाँड्ने अभ्यास बढेको छ। विद्यार्थी र शिक्षकबीचको संवाद, प्रश्नोत्तर र सहभागिता प्रवर्धनले कक्षाको गतिशीलता बढाएको छ। सिंह (२०७८) को अध्ययन अनुसार, योजनाबद्ध शिक्षणले विद्यालय व्यवस्थापन र अभिभावकहरूमा पनि शैक्षिक गतिविधिप्रतिको विश्वास र रुचि बढाउँछ, जुन सिकाइको समग्र वातावरण सुधार गर्न महत्त्वपूर्ण मानिन्छ।

यद्यपि केही चुनौतीहरू रहन गएका छन्। सबै शिक्षकलाई पाठ योजना निर्माणसम्बन्धी आवश्यक तालिम नपुगेको, पाठ योजनामा प्रयोग हुने शैक्षिक स्रोतसाधन सीमित रहेको र दैनिक कार्यचाप धेरै भएका कारण योजना बनाउन समय व्यवस्थापनमा कठिनाइ भएको उल्लेख गरिन्छ। यसले पाठ योजना निर्माण र प्रयोगमा एकरूपता ल्याउन अवरोध सिर्जना गरेको छ। तसर्थ, यी समस्याको समाधान गर्न सम्बन्धित निकायबाट तालिम, स्रोत व्यवस्थापन र शिक्षकको कार्यसमय व्यवस्थापनमा सुधार ल्याउन आवश्यक देखिन्छ, जसबाट पाठ योजना प्रयोग अझ प्रभावकारी बन्न सक्छ।

**विशिष्ट पाठ योजनाहरू र तिनको प्रयोगको विवरण**

शिक्षण अभ्यास अन्तर्गत देउखुरी क्षेत्रका विभिन्न विद्यालयहरूमा प्रयोग गरिएका विशिष्ट पाठ योजनाहरूले शिक्षण–सिकाइ प्रक्रियामा उल्लेखनीय सुधार ल्याएको पाइन्छ। प्रत्येक विद्यालयमा विद्यार्थीको आवश्यकता, कक्षा स्तर र स्थानीय सन्दर्भलाई मध्यनजर गर्दै तयार पारिएका यी पाठ योजनाहरूले व्यवहारिक, सृजनात्मक र सहभागितामूलक सिकाइलाई प्रवर्धन गरेका छन्। उदाहरणका रूपमा, बाल जनता मा.वि. बनगाउँमा 'क्रियापद' सम्बन्धी पाठ योजनाको प्रयोग अन्तरक्रियात्मक ढंगले गरिएको थियो। पाठ योजनामा दैनिक जीवनसँग सम्बन्धित संवादहरू समावेश गरिएका थिए, जसमा विद्यार्थीहरूले क्रियापदको प्रयोग गर्दै समूहगत अभ्यास गरे। शिक्षकले प्रश्नोत्तर, उदाहरण र अभ्यासका माध्यमबाट भाषा प्रयोगमा विद्यार्थीको संलग्नता बढाएका थिए। यसले विद्यार्थीहरूमा बोलचालको आत्मविश्वास, व्याकरणिक सटीकता र संवाद गर्ने सीप अभिवृद्धि गरेको देखियो। खीमबहादुर शाह मा.वि. कोलहीमा लेखन सीपसम्बन्धी पाठ योजनाको प्रयोग गरियो। शिक्षकले स्थानीय संस्कृति, पर्व, वा परम्परालाई केन्द्रमा राखी सृजनात्मक निबन्ध लेख्न लगाएका थिए। यसले विद्यार्थीहरूलाई आफ्ना विचार अभिव्यक्त गर्न, संरचित लेख लेख्न र विषयप्रति मौलिक दृष्टिकोण राख्न प्रोत्साहित गर्‍यो। यस गतिविधिबाट उनीहरूको सृजनशीलता, भाषिक सन्तुलन र अभिव्यक्तिको क्षमता उल्लेखनीय रूपमा बढेको पाइयो। फल्कापुरमा भने कविता सम्बन्धी पाठ योजनाको प्रयोग गरिएको थियो, जसमा काव्य वाचन, विश्लेषण र भावप्रवणता झल्काउने अभ्यासहरू गराइएका थिए। पाठ योजनामा कविता पढाउने क्रमशः चरणहरू राखिएको थियो। शीर्षकको व्याख्या, भावार्थको चर्चा र सिर्जनात्मक कविता लेखन। यसले विद्यार्थीहरूमा साहित्यिक सौन्दर्यबोध, अभिव्यक्तिको संवेदनशीलता र सिर्जनात्मक प्रतिभा अभिवृद्धि गर्न सहयोग गर्‍यो। यी सबै उदाहरणहरूले देखाउँछन् कि विशिष्ट र सन्दर्भसापेक्ष पाठ योजनाको प्रयोगले न केवल विषयवस्तुको बोधमा सुधार ल्याउँछ, तर विद्यार्थीहरूको भाषा सीप, सृजनात्मकता र आत्मविश्वास अभिवृद्धिमा पनि गहिरो प्रभाव पार्दछ। यसबाट पाठ योजना शिक्षण सुधारको एक प्रभावकारी उपकरण हो भन्ने स्पष्ट हुन्छ।

**पाठयोजनाको प्रयोगमा विद्यार्थीको संलग्नता र शिक्षकको सन्तुष्टि**

तलको तालिका र ग्राफहरूले शिक्षण अभ्यासमा पाठ योजना प्रयोगपछि विद्यार्थीहरूको संलग्नता र शिक्षकहरूको सन्तुष्टि स्तर देखाउँछन्:

| विद्यालय | विद्यार्थी संलग्नता (%) | शिक्षक सन्तुष्टि (%) |
|---|---|---|
| आदर्श मा.वि. देउपुर | ८५ | ९० |
| बाल जनता मा.वि. बनगाउँ | ८० | ८५ |

| विद्यालय | विद्यार्थी संलग्नता (%) | शिक्षक सन्तुष्टि (%) |
|---|---|---|
| माध्यमिक विद्यालय फल्कापुर | ७५ | ८० |
| खीमबहादुर शाह मा.वि. कोलही | ७८ | ८२ |

माथिको साक्षात्कार र अवलोकनका आधारमा विश्लेषण गर्दा पाठ योजना शिक्षण अभ्यासको प्रमुख साधन भएको पुष्टि हुन्छ । विशेषतः विद्यार्थीको सक्रियता, बौद्धिक रुचि र आत्मप्रस्तुतिको विकासमा पाठ योजनाको प्रयोगले सकारात्मक योगदान दिएको छ । शिक्षकहरूका लागि पाठ योजना एउटा रणनीतिक औजार बनेको छ जसले शिक्षण कार्यलाई व्यवस्थित, उद्देश्यपरक र प्रभावकारी बनाएको छ, तर पाठ योजना कार्यान्वयनमा देखा परेका चुनौतीहरूलाई पनि समाधान गर्नु अत्यावश्यक छ । शिक्षकहरूलाई आवश्यक तालिम, समय व्यवस्थापन र स्रोतसाधनको उपलब्धता सुनिश्चित गर्नु आगामी सुधारको मूल पक्ष बन्न सक्छ । विद्यालय प्रशासन र नीति निर्माण तहमा पनि पाठ योजना विकास र कार्यान्वयनको महत्वलाई गम्भीरतापूर्वक लिनु आवश्यक देखिन्छ । यस अध्यनमा गरिएको विश्लेषणले स्पष्ट पार्दछ कि देउखुरी क्षेत्रका विद्यालयहरूमा शिक्षण अभ्यासअन्तर्गत प्रयोग गरिएका पाठ योजनाहरूले कक्षा शिक्षणमा सकारात्मक रूपान्तरण ल्याएका छन् । पाठ योजनाको सहकार्यले शिक्षणलाई योजनाबद्ध, उद्देश्यकेन्द्रित र विद्यार्थीमैत्री बनाएको छ । आगामी चरणमा तालिम, सहजीकरण र प्राविधिक सहयोगमार्फत यस प्रवृत्तिलाई अझै सुदृढ गर्न सकिन्छ ।

## निष्कर्ष

यस अनुसन्धानले देउखुरी क्षेत्रका विद्यालयहरूमा बी.एड. नेपाली शिक्षा समूहका विद्यार्थीहरूले शिक्षण अभ्यास अन्तर्गत तयार पारेका पाठ योजनाहरूको प्रयोगमार्फत कक्षा शिक्षणमा ल्याएका परिवर्तनको समग्र विश्लेषण प्रस्तुत गरेको छ । अध्ययनबाट प्राप्त प्रमुख निष्कर्षअनुसार, यी पाठ योजनाहरूले कक्षा शिक्षणलाई अधिक व्यवस्थित, लक्ष्यकेन्द्रित र सहभागीमूलक बनाएको छ, जसबाट विद्यार्थीहरूको सिकाइ रुचि र संलग्नता अभिवृद्धि भएको छ । शिक्षकहरूको दृष्टिकोणमा पनि पाठ योजनाको प्रयोगले शिक्षण प्रक्रिया सरल, प्रभावकारी र नवप्रवर्तनयुक्त बनाएको देखिएको छ । अध्ययनले पुष्टि गरेको छ कि शिक्षण अभ्यास केवल सैद्धान्तिक ज्ञानको अभ्यास नभई व्यवहारिक शिक्षण सुधारको सशक्त उपकरण हो, जसले कक्षा वातावरणमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ । यद्यपि पाठ योजना निर्माणमा समय, स्रोतसाधन र पूर्वतयारीको अभावजस्ता चुनौतीहरू पनि देखा परेका छन्, जसले भविष्यका सुधारका लागि मार्गचित्र प्रदान गर्छ । यो अनुसन्धानले शिक्षण अभ्यासको प्रभावकारिता प्रस्ट पार्दै भविष्यमा अझ व्यापक भौगोलिक क्षेत्र, विविध शैक्षिक तह तथा मात्रात्मक विश्लेषण समावेश गर्ने अनुसन्धानको आवश्यकता औँल्याएको छ, साथै पाठ योजना निर्माण र कार्यान्वयनमा संलग्न शिक्षकहरूको क्षमता अभिवृद्धिमा केन्द्रित अनुसन्धानले शिक्षण सुधारलाई थप मजबुत बनाउन सक्ने देखिन्छ ।

## कृतज्ञता

यो अनुसन्धान लेख तयार गर्ने क्रममा मलाई धेरै महानुभावहरूको सहयोग, समर्थन र प्रेरणा प्राप्त भएको छ । उहाँहरू सबैप्रति म हार्दिक धन्यवाद र आभार प्रकट गर्न चाहन्छु । सबभन्दा पहिले, देउखुरी बहुमुखी क्याम्पस, लमहीका नेपाली शिक्षा समूहका सबै शिक्षकज्यूहरू र प्राध्यापकज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँहरूले मलाई सधैं हौसला दिनुभयो, राम्रो सुझाव दिनुभयो र अनुसन्धानलाई अघि बढाउन निरन्तर सहयोग गर्नुभयो । त्यस्तै, देउखुरी क्षेत्रका आदर्श माध्यमिक विद्यालय देउपुर, बाल जनता माध्यमिक विद्यालय बनगाउँ, माध्यमिक विद्यालय फल्कापुर र खीमबहादुर शाह माध्यमिक विद्यालय कोलहीका प्रधानाध्यापकज्यूहरू, शिक्षकज्यूहरू र प्यारा विद्यार्थीहरूलाई पनि धेरै धेरै धन्यवाद भन्न चाहन्छु । उहाँहरूले मलाई विद्यालयमा अनुसन्धान गर्न अनुमति दिनुभयो, कक्षामा सहभागी हुन सहयोग गर्नुभयो र आवश्यक सबै जानकारी दिनुभयो । विद्यार्थीहरूले खुलेर आफ्नो अनुभव र भावना साझा गर्नुभएकोमा म विशेष आभारी छु ।

विशेष धन्यवाद बी.एड. चौथो वर्षका सबै विद्यार्थी भाइबहिनीहरूलाई छ । उहाँहरूले शिक्षण अभ्यासको क्रममा मेहनत, लगन र

आत्मविश्वासका साथ कक्षा सञ्चालन गर्नुभयो र आफ्नो सजीव अनुभवहरू मलाई सुनाउनुभयो। उहाँहरूको साथ र योगदानले यस अनुसन्धान लेख अझै उपयोगी र अर्थपूर्ण बन्न सहयोग पुऱ्याएको छ। यस्तै, मेरो परिवारका सदस्यहरू, साथीहरू र अन्य सबै शुभचिन्तकहरूलाई पनि धैरै धैरै धन्यवाद भन्न चाहन्छु। उहाँहरूले लगातार हौसला, माया र साथ दिनुभएको छ, जसले मलाई निरन्तर अघि बढ्न ऊर्जा दिएको छ।

अन्त्यमा, प्रत्यक्ष रूपमा नाम उल्लेख गर्न नसकेका सबै सहयोगी हातहरूलाई पनि म हृदयदेखि धन्यवाद दिन चाहन्छु। सबैको अमूल्य सहयोग, सुझाव र विश्वास बिना यो लेख पुरा गर्न सम्भव हुने थिएन।

## सन्दर्भ सामग्री सूची

उपाध्याय, चूडामणि। (२०७८), *पाठ योजनाको प्रभावकारिता*, शिक्षक स्रोत संस्था।

खनाल, चक्रपाणि। (२०७०)। *कक्षा शिक्षणमा नवप्रवर्तनात्मक उपाय*, नवशिक्षा केन्द्र।

गिरी, जीवेन्द्रदेव। (२०७१),*पाठ योजना र शिक्षण सुधार*,शिक्षक प्रशिक्षण प्रतिष्ठान ।

देवकोटा  रत्नाकर (२०७२), *शिक्षक निर्माण र कक्षा शिक्षण*, आधुनिक शिक्षा फाउन्डेशन।

पनेरु, नेत्रप्रसाद। (२०७७), *विद्यालय शिक्षामा अभ्यास शिक्षकको योगदान*, देउखुरी शैक्षिक अध्ययन केन्द्र।

पोखरेल, माधवप्रसाद (२०७६), *शिक्षण अभ्यास र विद्यालयको सम्बन्ध*,  शैक्षिक विमर्श प्रकाशन ।

बन्धु, चूडामणि (२०७८), *पाठ योजना निर्माण र कक्षा सुधार*, शिक्षा प्रकाशन केन्द्र ।

बास्तोला, रामप्रसाद (२०७४), *शिक्षण रणनीतिमा नवप्रवर्तन* ,  नवदृष्टि पब्लिकेसन।

भट्टराई, अर्जुनदेव (२०७५), *शिक्षक शिक्षार्थीको अभ्यासको प्रभाव*, पूर्वाञ्चल शैक्षिक प्रतिष्ठान।

शर्मा, हरिप्रसाद (२०७०), *शिक्षण अभ्यासको प्रक्रिया र प्रभाव*, विद्याश्री प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०७३), *शिक्षण अभ्यासमा प्रयोग भएका नवीन विधिहरू*,  नवीन शिक्षा परिषद्